## नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः ४, मंसिर २८ गते, २०८० साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## **सिद्धलेक** गाउँपालिका **भित्र अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य स्याहार सेवा कार्यक्रम कार्यान्वयन सम्बन्धि कार्यविधि,२०८०**

**गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०।०८।२८**

# सिद्धलेक गाउँपालिका भित्र अध्यक्षसंग ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार सेवा कार्यक्रम कार्यान्वयन सम्बन्धि कार्यविधि,२०८०

## **१. सङ्क्षिप्त नाम, प्रारम्भ,परिभाषा र उद्देश्यः**

**१.१** प्रस्तावनाः आफ्नो योग्यता,अनुभव,ज्ञान र सीपको प्रयोगद्वारा राज्यका निमित आफ्नो जीवनको महत्वपुर्ण उर्जा खर्च गरिरहेका ज्येष्ठ नागरिकहरुको जीवन सहज,सुरक्षित,सम्मानित एवं सुनिश्चत गर्दै समाजिक न्यायको प्रत्याभुति प्रदान गर्ने तथा हाल ज्येष्ठ नागरिकहरुमा बढदै गरेको नसर्ने रोगहरु लाई न्यूनिकरण गर्ने उद्देश्य राखी सिद्धलेक गाउँपालिकाको १३औं गाउँसभाको निर्णय बमोजिम अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य स्याहार सेवा कार्यक्रम सञ्चालनार्थ बजेट बिनियोजन गरि जेष्ठ नागरिकहरु लाई स्वास्थ्यकर्मी द्वारा घरदैलोमा गई स्वास्थ्य सेवा दिने उद्देश्यले सिद्धलेक गाउँपालिकाले स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उफदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १.२ **सङ्क्षिप्त नाम र प्रारम्भः**

१.२.१ यो कार्यविधिको नाम "अध्यक्षसंग ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार सेवा कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८०" रहनेछ ।

१.२.२ यो कार्यबिधि गाउँकार्यपालिका बाट स्वीकृत भएको मितिबाट लागु हनेछ ।

१.२.३ यो कार्यविधि सिद्धलेक गाउँपालिका भित्र लागु हुनेछ ।

**२.परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क. **गाउँपालिका** भन्नाले सिद्धलेक गाउँपालिकालाई सम्झनुपर्छ ।

ख. **अध्यक्ष** भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

ग. **उपाध्यक्ष** भन्नाले सिद्धलेक गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनुपर्छ ।

घ. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले सिद्धलेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ ।

ङ. **स्वास्थ्य शाखा** भन्नाले सिद्धलेक गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

च. **<u>स्वास्थ्य जन शक्ति</u>** भन्नाले सिद्धलेक गाउँपालिकाको भित्र कार्यरत चिकित्स,जनस्वास्थ्य निरीक्षक, हे.अ.,सि अ हे व, अ हे व, सि अ न मी,अ न मी तथा अन्य स्वास्थ्यकर्मी पारामेडिक्स र नर्स लाई सम्झनुपर्छ ।

छ. **<u>ज्येष्ठ नागरिक</u>** भन्नाले सिद्धलेक गाउँपालिका भित्र बसोबास गर्ने अस्थाई,स्थायी ६० बर्ष नाघेका जेष्ठनागरिक तथा नसर्ने रोग तथा मानसिक रोगसंग ग्रसित स्थानीय नागरिक सम्झनुपर्छ ।

ज. **<u>कार्यक्रम</u>** <u>भन्नाले</u> सिद्धलेक गाउँपालिका भित्र अध्यक्षसंग ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार सेवा कार्यक्रम सम्झनुपर्छ ।

**झ. <u>यतायात खर्च भन्नाले</u>** कार्यक्रम संचालन गर्ने क्रममा बिरामीको घर दैलो सम्म पुगी स्वास्थ्य जाँच गरी औषधी वितरण गरे वापत स्वास्थ्यकर्मीहरु लाई दिइने यतायात खर्चलाई बुझिनेछ जुन पालिकाको नियमानुसार हुनेछ ।

**ञ.<u>संचार खर्च</u>** भन्नाले कार्यक्रम संचालन को फोकल पर्सन ,स्वास्थ्य शाखा प्रमुख समेतलाई दिईने सञ्चारमा प्रयोग हुने रकम लाई बुझिनेछ ।

**ट.<u>अनुगमन तथा सुपरिवेक्षण</u> खर्च** भन्नाले कार्यक्रम संचालन गर्नेक्रममा पालिका अन्तरगत स्वास्थ्य शाखा प्रमुख तथा अन्य स्वास्थ्यकर्मी,प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य पदाधिकारीहरु लाई अनुगमन गरे वापत दिने रकमलाई बुझ्नुपर्छ ।

**ठ.निःशुल्क औषधी** भन्नाले स्वास्थ्यकर्मी टिमले सङ्कलन गरेको बिरामीले खाई रहेको औषधी तथा पालिकामा भएको कार्यक्रम संचालक समितिको निर्णय अनुसार खरिद गरेको औषधी लाई जनाउँछ ।

**ड. तथ्याँक भन्नाले** स्वास्थ्यकर्मी टिमले संकलन गरेको बिरामीको संख्यत्मक बिवरण तथा औषधीको बिवरण लाई जनाउँछ ।

ढ.**<u>लाभग्राही</u> भन्नाले** सिद्धलेक गाउँपालिका भित्र बसोबास गर्ने अस्थायी ,स्थायी जेष्ठनागरिक तथा नसर्ने रोगसंग ग्रसित स्थानीय नागरिक सम्झनुपर्छ ।

ण.**<u>दीर्घरोग तथा नसर्ने</u> रोग** भन्नाले रक्तचाप,डायबिटीज,दमखोकी,थाईराईडको समस्या,बातरोग,मानसिक रोग लाई जनाउँछ

त.**<u>बैठक भत्ता</u> भन्नाले** संचालक समितिको पदाधिकारीहरुलाई बैठक भत्तावापत दिईने रकम लाई जनाउँछ ।

## ३.उद्देश्यहरु.

३.१ सिद्धलेक गाउँपालिका भित्रका स्वास्थ्यकर्मीहरुको टिमले शिघ्र स्वास्थ्योउपचार हुन जरुरी भएका तर आर्थिक स्थिति कमजोर भएका, शारिरीक अवस्थाले टाढा जान नसक्ने र स्थानीय स्वास्थ्य संस्थामा उपचार हुनसक्ने ज्येष्ठ नागरिकहरुलाई घरदैलोमा गई स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३.२ आवश्यकीय हेरचाह नपाएका, कठिन स्वास्थ्य स्थितिबाट गुज्री रहेका असहाय/अस्वस्थ्य ज्येष्ठ नागरिकहरुका लागि स्वास्थ्य परीक्षण गरि स्वास्थ्य समस्याको पहिचान गर्ने, लेखाजोखा राख्ने, जटिलता भएकाहरुलाई प्रेषण गर्ने ।

३.३दीर्घरोगी तथा ज्येष्ठ नागरिकको परिवारहरुलाई आर्थिक बोझ कमगर्ने ।

३.४ दिर्घरोगी तथा ज्येष्ठ नागरिकको परिवारहरुलाई समेत सहज जीवन बिताउने बाताबरण बनाउने

**४.कार्यक्रम सञ्चचालक समितिको गठन सम्बन्धी ब्यवस्थाः**

संचालक समितिमा देहायबमोजिमको पदाधिकारीहरु रहनेछ ।

१.गाउँपालिकाको अध्यक्षः  संयोजक

२.प्रमुख प्रशासकीय अधिकृतः सदस्य

३.बिषयगत समितिको अध्यक्षः सदस्य

४.ज्येष्ठ नागरिक संजालका सदस्य मध्येबाट अध्यक्षले तोकेको ब्यक्तिः सदस्य

५.स्वास्थ्य शाखा प्रमुखः सदस्य सचिव

नोटः माथि जुनसुकै कुरा लेखिए तापनि कार्यक्रम सम्बन्धी छलफलको आवश्यकता भएमा अध्यक्षद्वारा बिज्ञ ब्यक्तिहरुलाई आमन्त्रण गर्न अथवा सदस्यहरु थपघट गर्न सकिनेछ ।

**५. सञ्चालक समितिको काम कर्तव्य र अधिकारः**

१. सञ्चालक समितिको काम कर्तब्य देहाय बमोजिम हुनेछ ।

क. कार्यक्रमको आवश्यकता, नीति, योजना, बजेट, तर्जुमा गर्न कार्यपालिकालाई सुझाव दिने।

ख. स्वीकृत योजना कार्यान्वयन गर्ने गराउने ।

ग. कार्यक्रमको अनुगमन गर्ने गराउने ।

घ. अनुगमन गर्दा भेटिएका दुर्वल पक्षलाई सुधार्न पहल गर्ने ।

ङ. आवश्यक औषधी उपकरणको खरिद गर्न पहल गर्ने ।

**६.समितिको बैठक सम्बन्धि ब्यवस्थाः**

क. समितिको बैठक ३/३महिनामा अथवा संयोजकले तोकेको स्थान समय र मितिमा हुनेछ ।

ख. ५० प्रतिशत भन्दा बढि सदस्य संख्या उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रक्रिया

**७.अभिमुखीकरण कार्यक्रमः** सिद्धलेक गाउँपालिका भित्र अध्यक्षसंग ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार सेवा कार्यक्रम संचालनार्थ गाउँसभा सदस्य,अन्तरगतका कर्मचारी,स्वास्थ्य कर्मी महिला

स्वास्थ्य स्वयं सेबिका अन्य सरोकारवालाहरु लाई आवश्यक्ता अनुसार अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

७.१ अभिभूखीकरण पश्चात स्वास्थ्यकर्मीको टिमले महिनाको ५ दिन प्रत्येक वडामा जेष्ठ नागरिकको घरदैलोमा गई स्वास्थ्य परीक्षणगरी तथ्याङ्क संकलन तथा आवश्यक औषधी निःशुल्क बितरण गर्ने ।

**<u>८.पारिश्रमिक तथा व्यवस्थापन खर्च सम्बन्धी व्यवस्थाः</u>**

यस कार्यबिधिमा उल्लेखित क्रियाकलाप कार्यान्वय नगर्न स्वास्थ्यकर्मीको यातायात खर्च,अनुगमन, लजिस्टिक लगायतका खर्च गाउँपालिका बाट बिनियोजित शीर्षक बजेटबाट गरिनेछ ।

**९.अनुगमन तथा मुल्यांकनः**

कार्यक्रमको अनुगमन तथा मुल्याङ्न स्वास्थ्य शाखा, संचालक समितिले त्रैमासिक/अर्धबार्षिक/बार्षिकरुपमा तथा आवश्यक परेमा जुनसुकै समयमा पनि गर्न सक्नेछ ।

## <u>परिच्छेद ३</u>

## <u>विविध</u>

**१०.अभिलेखः** सिद्धलेक गाउँपालिका स्वास्थ्य शाखाले कार्यक्रम सञ्चालन गरेको, निःशुल्कसेवा उपलब्ध गराएको लाभग्राहीको अभिलेख अनुसूचि-१ बमोजिम अध्यावधिक गरेर राख्नुपर्नेछ ।

**११.प्रतिवेदनः** सिद्धलेक गाउँपालिका स्वास्थ्य शाखाले कार्यक्रम सञ्चालन गरेको, निःशुल्क सेवा उपलब्ध गराएको लाभग्राहीको अभिलेख अनुसूचि-२ बमोजिम मासिक रुपमा पालिका तथा माथिलो निकायमा पेश गर्नुपर्नेछ।

**१२.पारदर्शिता कायम राख्नेः** लाभग्राहीको नामावली तथा संख्यात्मक प्रतिवेदन मासिक रुपमा गाउँपालिका स्वास्थ्य शाखाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ तथा सोको जानकारी गाउँपालिकाको वेवसाईटमा समेत राख्नु पर्नेछ ।

**१३.बाधा अड्काउ फुकाउनेः** यो कार्यविधी कार्यन्वयनमा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ ।

**१४.लजिस्टिकको ब्यबस्थाः**

फिल्डमा जाँदा स्वास्थ्यकर्मी टिमलाई आवश्यक लजिष्टिक सामान आवश्यक परेमा कार्यक्रमबाट उपलब्ध गराउन सक्नेछ ।

अनुसूची १

(दफा ५ संग सम्बन्धित)

## अभिलेख फाराम

आ. ब....................................साल ...............................महिना.............

| क्र.स. | बिरामीको नाम | उमेर | लिङ | ठेगाना | रोगको नाम | प्रयोग गरिरहेकोको औषधी | | | | | सम्पर्क नं' |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | २ | ३ | ४ | ५(अन्य) | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयारपार्नेः

प्रमाणित गर्नेः

अनुसूची २

(दफा ६संग सम्बन्धित)

## आ.ब.प्रतिवेदन फाराम:मिति:

| क्र स | ठेगाना | रोगको नाम | लिङ |  | खर्चऔषधीको नाम र संख्या |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | म | पु |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  | Amlodipin | Amlod L | Asthalininhall er | Tiovainhaller | Serflo inhaler | Metformin | Fluxetin | Clonazipam | Fenobarbiton | MetforG1 | Thyroxin | Losarten | Atorvastatin |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |
|  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |  |

तयारपार्ने:                सदर गर्ने: